# गौरीगञ्ज गाउँपालिकाको आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) सञ्चालन कार्यविधि, २०७७

प्रस्तावना : गौरीगञ्ज गाउँपालिकाको पुंजीगत खर्च परिचालन तथा व्यवस्थापनमा जनसहभागिता, उत्तरदायीत्व तथा पारदर्शिता अभिवृद्धि गर्दै पुंजीगत खर्चबाट सञ्चालित आयोजनाहरुको गुणस्तर, उपयोगिता र दिगोपनमा प्रभावकारी कार्यान्वयन हुने वातावरण निर्माण गर्न आवश्यक रहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को नियम १०२ को उपनियम १ तथा गौरीगञ्ज गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौरीगञ्ज गाउँकार्यपालिकाबाट यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "गौरीगञ्ज गाउँपालिकाको आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) सञ्चालन कार्यविधि २०७७" रहेको छ ।

(ख) यो कार्यविधि २०७७ साल श्रावण महिना १ गतेबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(क) "कार्यविधि" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को नियम १०२ को उपनियम २ अनुसार गौरीगञ्ज गाउँ कार्यपालिकाबाट बनाएको "गौरीगञ्ज गाउँपालिकाको आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) सञ्चालन कार्यविधि २०७७" लाई सम्झनु पर्दछ ।

(ख) "आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी)" भन्नाले गौरीगञ्ज गाउँपालिकाको पूंजीगत खर्चबाटबाट सञ्चालित आयोजनाहरुबाट कट्टा गरिएको अधिकतम् ३ प्रतिशत खर्च रकमलाई सम्झनुपर्दछ ।

(ग) "आयोजना" भन्नाले गौरीगञ्ज गाउँपालिकाको कार्यक्षेत्रमा निश्चित अवधि र पूंजीगत लगानी रकम तोकी निर्धारित उदेश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनुपर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले गौरीगंज गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडाअध्यक्ष तथा वडा समिति सदस्य समेतलाई सम्झनुपर्दछ ।

(ङ) "कर्मचारी" भन्नाले गौरीगञ्ज गाउँपालिकामा कार्यरत आयोजनासंग प्रत्यक्ष सम्बन्धित वा गाउँपालिकाबाट आयोजनाका क्रियाकलापका लागि तोकिएको अन्य कर्मचारीलाई समेत सम्झनु पर्दछ ।

(च) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया पूरा गरि गठन गरिएको समिति सम्झनु पर्दछ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउदछ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले "सार्वजनिक खरिद ऐन २०६३" को दफा ७१ को (१) प्रयोजनका लागि "सार्वजनिक खरिद नियमावली २०६४" को दफा १४७ को १ बमोजिम गठित समिति र उक्त कार्यका लागि आमन्त्रित सदस्य समेतलाई जनाउने छ ।

## ३. कार्यविधिको उदेश्य :

(क) गौरीगञ्ज गाउँपालिकाको सवै प्रकारको पूँजीगत लगानीलाई उदेश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेही खर्च गर्ने पद्धती निर्माण गर्न सघाउ पुऱ्याउने ।

(ख) आयोजना व्यवस्थापन, बजेट निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजिकरण गर्ने ।

(ग) स्थानीय स्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धि व्यवस्थाको प्रबर्द्धन गर्ने ।

(घ) गौरीगञ्ज गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर तथा दिगोपन कायम राख्न मद्दत पुऱ्याउने ।

## ४. कार्यविधिको कार्यक्षेत्र :

(क) गौरीगञ्ज गाउँपालिकाको पूँजिगत खर्चबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरु जसबाट आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) कट्टा गरिएको हुन्छ । उल्लेखित आयोजनाहरुको परिचालन एवं व्यवस्थापन गर्ने कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

## परिच्छेद-२
## आयोजना व्यवस्थापन सेवा खर्च (कन्टेन्जेन्सी) सञ्चालनबाट व्ययभार

५. आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्यांकन, जाँचपास तथा प्रतिवेदन सम्बन्धि खर्च ।

६. आयोजनाको व्यवस्थापन सम्बन्धि सूँचना तथा संचार, पत्रपत्रिका, अभिलेख व्यवस्थापन तथा मसलन्द खर्च ।

७. आयोजना सञ्चालनका क्रियाकलाप, शिलबन्दी बोलपत्र, शिलबन्दी दरभाउ पत्र तथा शिलबन्दी सूचना खोल्दा तथा उक्त उल्लेखित कार्यहरुको मूल्यांकन तथा परिक्षण गर्दा मूल्यांकन समिति तथा आमन्त्रित सदस्यहरुको अनूसुचि-१ अनुसार उपलब्ध बैठक भत्ता तथा अन्य खर्च ।

८. आयोजनाको प्रक्रियागत बोलपत्र, दरभाउ पत्र तथा सूँचनाको मूल्यांकन तथा परिक्षण गर्दाको मूल्यांकन समिति तथा आमन्त्रित सदस्यको बैठक भत्ता (कार्यपालिकाको बैठकले तोके बमोजिम) तथा अन्य खर्च ।

९. आयोजनाको प्राविधिक कार्यसंग सम्बन्धित अत्यावश्यक प्राविधिक उपकरण तथा अन्य सेवा खर्च ।

१०. आयोजना सञ्चालनमा आम उपभोक्ता भेला, उपभोक्ता समिति गठन, उपभोक्ताको अभिमूखिकरण तथा सार्वजनिक परिक्षणमा हुने सञ्चालन खर्च ।

११. आयोजनाको स्थलगत अनुगमन तथा रेखदेखमा हुने परिवहन तथा इन्धन खर्च ।

१२. पदाधिकारी, कर्मचारी एवं उपभोक्ता समितिको ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण खर्च ।

१३. आयोजनासंग सम्बन्धित सामाजिक परिचालन सम्बन्धि अन्य खर्च ।

१४. गाउंपालिकाको निर्णय बमोजिम गरिने अन्य खर्चहरु ।

## परिच्छेद-३

## विविध

१४. संशोधन, खारेजी र बचाऊ :

(क) गौरीगञ्ज गाउँकार्यपालिकाबाट आवश्यक परेमा यस कार्यविधिको संशोधन तथा खारेजी गर्न सक्नेछ ।

(ख) यो कार्यविधि लागू भई संशोधन तथा खारेज हुनु पूर्व कार्यविधि अनुसार भएका खर्चहरु, संशोधन तथा खारेजी भएअनुसार अनियमित हुने छैन ।